# स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना
आ.व. २०७८/७९ – ०८७/०८८

## गोदावरी नगरपालिका

## गोदावरी नगर कार्यपालिकाको कार्यालय, अत्तरीया

सुदुरपश्चिम प्रदेश, नेपाल

२०७९

**निर्माण निर्देशिका :**
स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना

**प्रकाशकः**
नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, गोदावरी नगरपालिका, कैलाली

दस्तावेज : स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना

**सर्वाधिकारः**
© गोदावरी नगरपालिका, अत्तरीया

**प्रथम प्रकाशनः**
२०७९ आसार

**तयारी तथा प्रकाशनका लागि आर्थिक तथा प्राविधिक सहयोगः**
यो योजनाको तयारी गोदावरी नगरपालिका स्तरीय विपद् व्यवस्थापन समिति र वडा विपद् व्यवस्थापन समितिसँगको सहकार्यमा तथा अमेरिकी सहयोग नियोग (USAID) को तयार नेपाल (विपद् जोखिम व्यवस्थापन परियोजना) को आर्थिक तथा प्रविधिक सहयोगमा तयार गरिएको हो ।

# गोदावरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
अत्तरिया कैलाली
सुदूरपश्चिम प्रदेश् नेपाल


गोदावरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय अत्तरिया, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

## दुई शब्द

विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ र विपद जोखिम न्यूनिकरण राष्ट्रिय नीति, २०७५ मा प्रभावकारी विपद व्यवस्थापनका लागि स्थानीय तहमा सङ्गठनिक संरचना, रणनीति, योजना तथा कार्यक्रम लागु गरिने उल्लेख छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (न) मा विपद व्यवस्थापनका सवै चरणमा गरिने कार्यमा स्थानीय तहको जिम्मेवारी हुने व्यवस्था गरेको छ । यसैगरी विपद जोखिम न्यूनीकरणका लागि सेण्डाई कार्ययोजना (सन् २०१५-२०३०) को कार्यन्वयनमा प्रतिवद्धता जनाए अनुसार नेपाल सरकारले विपद जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (सन् २०१८-२०३०) लागू गरेको छ । सोही अनुरुप गोदावरी नगरपालिकाले स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना आ.व. २०७८/७९ - ०८७/०८८ तयार गरी संचालन गर्ने निर्णय गरेको छ ।

यस गोदावरी न.पा.मा बाढी, पहिरो, बालिमा लाग्ने रोग किरा, शितलहर, हावाहुरी, असिना, आगलगी, सुख्खा खडेरी, चटयाङ, जंगलीजनावर आक्रमण, महामारी, सडक दुर्घटना, सर्प दंशबाट मुख्य जोखिममा रहेको छ । यी प्रकोप जोखिमहरुको सम्मुखता र सङ्कटासन्नता कम गर्न स्थानीयतह मै प्रयास गर्नु पर्दछ । तसर्थ, न.पा स्तरमा विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यक्रमका साथै विकास योजनानिर्माण, सञ्चालन र सेवाप्रवाहगर्दा विपद जोखिमकम गर्ने उपाय र क्रियाकलापहरु समावेश गरिनेछ । यस रणनीतिक कार्ययोजनामा उल्लेख भएका अल्पकालिन/मध्यकालिन र दीर्घकालिन कृयाकलापहरु आवधिक /वार्षिक योजना तर्जुमा गर्दा समावेश गरी नगरपालिका, प्रदेश र संघीय सरकार साथै अन्य सहयोगी संघ, संस्था तथा नीजि क्षेत्र संगको समन्वय र साझेदारीमा गरिने छ ।

यस कार्य योजनामा उल्लेख भएका क्रियाकलाप तथा नतिजाका सूचकहरु वार्षिक रुपमा अनुगमन एवं मूल्याङ्कन र समक्षा गरी सुधार गर्दै लगिने छ । यसको निरन्तर कार्यान्वयनले हाम्रो नगरपालिकाको विपद जोखिम कम गरी उत्थानशिलता तर्फ डोऱ्याउने विश्वास लिएको छु । यस कार्य योजनामा उल्लेखभएका सूचकहरुको प्रगतिले नगरपालिका, प्रदेश तथा संघीय सरकारको प्रगतिमापन गर्न समेत सघाउ पुऱ्याउने विश्वास लिएका छौं । यो रणनीतिक कार्य योजना तयार गर्ने क्रममा विभिन्न किसिमवाट सहभागिता जनाई अमूल्य सुझाव दिएर सहयोग गर्नु हुने नगरपालिका वडा अध्यक्षज्यूहरु, वडा समिति सदस्यज्यूहरु कर्मचारीहरु र यस नगरपालिकाका विभिन्न समूह र समुदायका सदस्यहरुलाइ धन्यवाद दिन चाहन्छु । यो रणनीतिक कार्य योजना तयार पार्न प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराउने यू.एस.ए.आइ.डी.को तयार नेपाल परियोजना प्रति धन्यवाद सहित आभार व्यक्त गर्न चाहन्छु ।

..............

नगर प्रमुख, गोदावरी

...................................

विरेन्द्र भट्ट
नगर प्रमुख

नगर प्रमुख


फोन नं. ०९१-५०८००१ प्रशासन शाखा ५०८००० आर्थिक प्रशासन शाखा ५०८००२ पुर्वाधार विकास शाखा
ई-मेल: mungodawari@gmail.com, info@godawarimunkailali.gov.np वेभसाईट : www.godawarimunkailali.gov.np

# गोदावरी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

अत्तरिया कैलाली
सुदूरपश्चिम प्रदेश् नेपाल

गोदावरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय अत्तरिया, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

## शुभकामना

हाम्रो नगरपालिकाका विभिन्न किसिमका प्रकोपको जोखिममा रहेको छ । एकातर्फ बाढी, पहिरो, कृषि बालीमा लाग्ने रोग कीरा, शितलहर, हावाहुरी, असिना, आगलगी, सुख्खा खडेरी, चटयाङ, जंगली जनावर आक्रमण, महामारी, सडक दुर्घटना, सर्प दंश जस्ता मुख्य प्रकोपहरुको संमुखता र अर्को तर्फ गरीबीका कारणले संकटासन्नता बढेको छ । नयाँ संवैधानिक व्यवस्था अनुसार नगरपालिकाको जिम्मेवारी विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा महत्वपूर्ण रहेको छ । त्यो जिम्मेवारी पुरा गर्न नीति नियम तयारी, योजना तर्जुमा तथा कार्यान्वयन गरी विपद जोखिम न्युनिकरण गर्दै उत्थानशील नगरपालिकाको लक्ष्यलाई प्राप्त गर्न संयुक्त पहल गर्नु जरुरी छ । जसका लागि गोदावरी नगरपालिकाले तयार गरेको यो स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्य योजना आ.व. २०७८/७९ - ०८७/०८८ ले रणनितिक मार्गदर्शन तथा सन्दर्भ सामाग्रीको रुपमाकाम गर्ने विश्वास लिएको छु । यस कार्य योजनामा समावेश गरिएका क्रियाकलापहरु प्राथमिकताको आधारमा वार्षिक कार्यक्रम तर्जुमा गर्दा समावेश गरी अगाडी बढाउने कुरा विश्वास दिलाउन चाहन्छु र साथै यस नगर भित्रकार्यरत अन्य सहयोगी संघ संस्था, निजी क्षेत्र, मानवीय सहयतामा संलग्न निकाय लगायत सम्पूर्णलाई आवश्यक सहयोग तजा साझेदारीको लागि आहान गर्दछु ।

यो रणनीतिक कार्ययोजना तयार गर्ने क्रममा विभिन्न किसिमवाट सहभागिता जनाई अमूल्य सुझाव दिएर सहयोग गर्नु हुने नगरपालिका वडा अध्यक्षज्यूहरु, वडा समिति सदस्यज्यूहरु, कर्मचारीहरु र यस नगरपालिकाका विभिन्न समूह र समुदायका सदस्यहरुलाई धन्यवाद दिन चाहन्छु । यो रणनीतिक कार्य योजना तयार पार्न प्राविधिक तथा आर्थिक सहयोग उपलव्ध गराउने यू.एस.ए.आइ.डी./तयार नेपाल परियोजनालाई धन्यवाद दिन चाहन्छु ।

............................
शारदा देवि रोकाया
नगर उपप्रमुख

नगर उप-प्रमुख

फोन नं. ०९१-५०८००१ प्रशासन शाखा ५०८००० आर्थिक प्रशासन शाखा ५०८००२ पुर्वाधार विकास शाखा
ई-मेल: mungodawari@gmail.com, info@godawarimunkailali.gov.np वेबसाईट : www.godawarimunkailali.gov.np

# विषय सूची


नगरपालिकाको शुभकामना **Error! Bookmark not defined.**

परिच्छेदः एक 6

१. पृष्ठभूमि 6

१.१ विपद् जोखिमको राष्ट्रिय परिदृष्यः 6

१.२ विपद् जोखिमको प्रादेशिक परिदृष्य 7

१.३ कैलाली जिल्लाको विपद् जोखिमको परिदृष्य ड

१.४ विपद् जोखिमको स्थानीय अवस्था ञण

परिच्छेदः दुई 14

२. विपद् जोखिम न्यूनीकरण सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्था ञद्ध

२.१ अन्तर्राष्ट्रिय कार्यढाँचा तथा रणनीतिहरु ञद्ध

विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाई कार्यढाँचा सन् २०१५ – २०३० ञद्ध

दिगो विकास लक्ष्य सन् २०१५–२०३० ञद्ध

२.२ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि राष्ट्रिय कानून नीति तथा कार्ययोजना ञद्ध

नेपालको संविधान २०७२ ञद्ध

विपद् जोखिम न्यूनीकरण नीति २०७५ ञद्ध

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ (पहिलो संशोधन २०७५) ञछ

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८–२०३० ञछ

नेपालको दिगो विकास लक्ष्यहरु ञट

प्रादेशिक कानून, नीति तथा कार्ययोजना ञट

स्थानीय अभ्यास ञट

परिच्छेदः तीन ञड

विपद् जोखिम न्यूनीकरणकालागि स्थानीय रणनीतिक कार्ययोजना ञड

३.१ परिचय ञड

३.२ अल्पकालीन र मध्यकालीन सोच, अपेक्षित परिणाम, उद्देश्य र लक्ष्य ञड

३.३ विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तर्जुमा र कार्यान्वयन ञढ

प्रकोप स्तरीकरण द्द

परिच्छेदः चार छद्ध

विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाका प्राथमिकता प्राप्त कार्यहरु छद्ध

४.१.प्राथमिकता प्राप्त १ : स्थानीय सरोकारवालाहरुलाई विपद् जोखिम सम्बन्धी ज्ञान र बुझाइ छद्ध

४.१.१: जोखिमको वृहत नक्साङ्कन र सार्वजनिकरण 54

४.१.२ जोखिमको नक्साङ्कनमा संस्थागत र एकरुपता 57

४.१.३ ज्ञान व्यवस्थापन र सूचना प्रणाली 58

४.१.४ सरोकारवालाहरुको क्षमता अभिवृद्धि । 58

४.२ प्राथमिकता प्राप्त क्षेत्र २ : विपद् शासकिय पद्धतीको सुदृढिकरण 60

४.२.१ स्थानीय / समुदाय स्तरमा संस्थागत विकास 60

४.रं.२ कानूनी तथा नियामक संरचना निर्माण प्राथमिकता 61

४.२.३ विपद् जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि र सहकार्य 62
४.२.४ विपद् जोखिम न्यूनीकरणमा लैङ्गिक तथा सामाजिक समावेशीताको सुनिश्चितता 63
४.३ प्राथमिकता प्राप्त क्षेत्र ३: लगानी प्रबर्द्धन र उत्थाशिलता वृद्धि टछ
४.३.१ जिविकोपार्जन र उत्थानशिल क्षेत्रमा लगानी 65
४.३.२ विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक लगानी वृद्धि 86
४.३.३ नीजि क्षेत्रको संलग्नता र लगानी वृद्धि 86
४.३.४ सामाजिक सुरक्षा तथा बीमा जोखिम हिस्सेदारी मार्फत विपद् उत्थानशीलतामा अभिवृद्धि 87
४.४ प्राथमिकता प्राप्त क्षेत्र ४: विपद् पूर्व तयारी डड
४.४.१ प्रतिकार्य योजना 88
४.४.२ बहु-आयामिक कार्यदल र क्षमता वृद्धि 89
४.४.३ समुदाय केन्द्रीत विपद् व्यवस्थापन कार्यक्रम 90
४.४.४ संचार सामग्री र प्रसारणमा सुधार 91
४.४.५ खोज तथा उद्धार क्षमता 92
४.४.६ अझ बलियो र राम्रो पुनर्निर्माण 93
परिच्छेदः पाँच 99
रणनीतिक योजना कार्यान्वयनको लागि वित्तीय व्यवस्था 99
परिच्छेदः सात 100
अनुगमन, मूल्याङ्कन र पुनरावलोकन 100
सन्दर्भ सामाग्री 100

परिच्छेदः एक

# १. पृष्ठभूमि

## १.१ विपद् जोखिमको राष्ट्रिय परिदृष्य:

नेपाल बाढी, पहिरो, भूकम्प, महामारी, आगलागी, हावाहुरी, चट्याङ्ग, असिना, लू, शीतलहर, खडेरी, हिमताल विस्फोट तथा हिमपहिरोको उच्च जोखिममा रहेको मलुक हो। जलवायुजन्य परिवर्तनका कारण पर्ने प्रतिकुल प्रभावबाट पनि नेपाल संवेदनशील अवस्थामा रहेको छ । नेपालको भौगोलिक वनावट र यसबाट सिर्जित परिणाम जो प्रकोपका दृष्टिले अति संवेदनशील तथा जोखिमयुक्त अवस्था रहेको छ। विश्वव्यापी रुपमा भूकम्पीय जोखिमका दृष्टिले नेपाल ११ औं, जलवायु परिवर्तनका जोखिमको दृष्टिले चौथो स्थानमा रहेको (गृह मन्त्रालय २०१५) छ । देशका धेरै जिल्लाहरुमा हरेक वर्ष विभिन्न प्रकारका प्रकोपका घटनाहरु दोहोरिइरहने गर्दछन् र ८० प्रतिशत भन्दा बढी जनसंख्या बाढी, पहिरो, हावाहुरी, असिना, आगलागी, भूकम्प तथा हिमताल विष्फोटन जस्ता बहुप्रकोपहरुको जोखिममा रहेका छन्। समग्र विपद्का हिसाबले नेपाल २० औं विपद् संकटासन्न राष्ट्रको रुपमा सूचीकृत छ (गृह मन्त्रालय २०१७)।

**नेपालमा विनासकारी प्रकोपहरु :**

- १९९० सालको भुकम्पबाट ८५९९ जनाको मृत्यु र १८ हजार घरनष्ट।
- २०४५ सालको भुइचालोबाट ७२१ जनाको मृत्यु र २१७८६ घरहरु पुर्ण रुपमा नष्ट ।
- १९८६ सालमा तानसेनमा, २०२५ सालमा विराटनगरमा र २०६० सालमा ताप्लेजुङ्गमा भएका ठुला आगलागीबाट धेरै धनजनको क्षति ।
- २०२० सालमाविफरबाट १ हजार मानिसको मृत्यु ।
- २०३० र २०३७ सालमालामो खडेरी ।
- २०४४ साल फाल्गुन २९ गते दशरथ रंगसालामा भएको भाग दौडमा ७१ जनाको मृत्यु ।
- २०४४ सालमा नै पाकिस्थान एयरलाइन्स र थाइ एयरलाइन्सका विमान दुर्घटना, सयौ यात्रुको मृत्यु ।
- २००२, २०२५, २०२७, २०२८, २०३१,२०३२, २०३, २०३८,२०४०, २०५०, २०६१ र २०६३ सालमा बाढी पहिरोको कारण मुलुकका विभिन्नभागमा ठुलो क्षति ।
- २०६५ सालभाद्र २ को कोशी वाढीबाट ७५६३ घरधुरी ( ४२८००) को धनजनको क्षति ।
- २०७२ वैशाख १२ गते घटेको ७.८ म्याग्निच्युडको भूकम्प र त्यसपछिका परकम्पले झण्डै ८ लाख घर भत्किए, ९ हजारको नेपालीहरुको ज्यानगयो ।
- २०५६ सालको वाढी पहिरोले ठाउँ ठाउँमा धनजनको क्षति
- २०७६ सालको अविरल वर्षाको कारणले आएको वाढी । पहिरोबाट ठाउँ ठाउँमा जनधनको ठूलो मात्रामाक्षति ।

सन् १९७१ देखि २०१५ सम्मको तथ्याङ्क अनुसार विपद्का कारण नेपालमा ४० हजार भन्दा धेरै मानिसको मृत्यु भएको छ । बिभिन्न विपद्का कारण प्रतिवर्ष औसतमा ९०० जनाको मृत्यु हुनेगरेको, १ लाख ३२ हजार मानिसहरु प्रभावित हुनेगरेको र ३० हजार घरहरुमा क्षति हुनेगरेको र सामान्य अवस्था कुल ग्राहस्थ उत्पादनको २ प्रतिशत विपद्को कारण नोक्सानी हुने गर्दछ। नेपालमा वार्षिक करिब १० हजार सडक दुर्घटना हुने गरेका छन् भने करिब १९०० व्यक्तिको मृत्यु हुने र १३०० मानिसहरु घाइते तथा अङ्गभङ्ग हुने परिदृष्य पछिल्लो तथ्याङ्कले देखाएको छ (विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३० )।

भूकम्प, बाढी, पहिरो, आगलागी, हावाहुरी, शीतलहर, महामारी, चट्याङ, डुङ्गा दुर्घटना जस्ता विपद्हरु नेपालमा हरेक वर्ष बारम्बार दोहोरिरहने विपद्हरु हुन् । पछिल्लो समय नेपालमा मानव सृजित विपद्का कारण मानवीय क्षति बढीरहेको छ । खासगरी सडक दुर्घटना, महामारी, आगलागी, सर्पदंश जस्ता प्रकोपका कारण मानवीय तथा धनसम्पत्तिको क्षति बढीरहेको छ । दैनिक १७ वटा सडक दुर्घटना हुने र दैनिक ५ जना भन्दा मानिसको मृत्यु हुने गरेको छ (विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३०) ।

हिन्दुकुश हिमालय क्षेत्रका ८ वटा देशहरुमध्ये बहुप्रकोपको जोखिमका कारण हुने मृत्युदरमा नेपाल बंगलादेश पछि दोश्रो स्थानमा रहेको छ । यस्तो अवस्थाका कारण पनि यहाँ क्षतिको मात्रा वृद्धि हुदै गएको छ (इसिमोड २०१९) ।

भौगर्भिक रूपमा गतिशील पर्वत श्रृंखला, अस्थिर र अति भिरालो जमिन तथा कमजोर भौगोलिक बनावटका कारण मनसुनको समयमा देशैभरि विभिन्न प्रकारका भौगर्भिक तथा जलवायुजन्य प्रकोपहरू हुने गर्दछन् । करिब ८३ प्रतिशत नेपाल हिमाल तथा पहाडी भू-भागमा र १७ प्रतिशत समतल तराईमा पर्छ । पहाडी भाग पहिरो र भू-क्षयको जोखिममा छ भने तराई र चुरे क्षेत्र बाढी, खडेरी, आगलागी र महामारीको जोखिममा छन् । हिमाली क्षेत्रमा हिमपहिरो र हिमताल विस्फोटनको खतरा छ । पुरै नेपाली भू-भाग सक्रिय भूकम्पीय क्षेत्रमा पर्ने हुनाले पहाडी र हिमाली क्षेत्रका बस्तीहरू उच्च भूकम्पीय जोखिममा छन् । यी विपद् बाहेक देशमा अन्य मानव सृजित विपद्का घटनाहरू पनि हुने गरेका छन् (विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३०) ।

### १.२ विपद् जोखिमको प्रादेशिक परिदृष्य

सुदुरपश्चिम प्रदेशमा संघीयता अघिको महाकाली अञ्चलका चार जिल्ला र सेती अञ्चलका पाँच जिल्ला रहेका छन् । यो प्रदेशले नेपालको कुल भुभागको १३.२७ प्रतिशत (१९५३९ वर्ग कि.मी.) भुगोल ओगट्दछ भने यस प्रदेशमा कुल जनसंख्याको ९.६३ प्रतिशत (२५,५२,५१७) जनसंख्या वसोवास गर्दछन् । यो प्रदेशमा नौ वटा जिल्ला, एक वटा उपमहानगरपालिका, ३३ वटा नगरपालिका र ५४ वटा गाउँपालिका रहेका छन् । (नक्सा १)

भौगोलिक अवस्थिती र हावापानीको दृष्टिकोणले यो प्रदेश विपद्को उच्च जोखीममा रहेको छ । गृह मन्त्रालयको तथ्याङ्कको सन् २०१० सालदेखि २०१९ सम्मको करीव १० वर्षको औसत तथ्याङ्कलाई विश्लेषण गर्दा यस अवधिमा यँहा प्राकृतिक तथा गैर प्राकृतिक ३११५ वटा प्रकोपका घटनाहरु घटेको देखिन्छ । यस मध्ये भुकम्प, बाढी तथा पहिरो, डुबान, चट्याङ्ग, खडेरी, हिमपात, असिना, हिमपहिरो, हिमताल विष्फोटन, अतिवृष्टि, अनावृष्टि, हुरी वतास, शीतलहर, तातो हावाको लहर, वन डँढेलोजस्ता प्राकृतिक र सडक दुर्घटना, महामारी, अनिकाल, कीट वा सूक्ष्म जीवाणु आतंक, पशु तथा चराचुरुङ्गीमा हुने फ्लु, सर्पदंश, जनावर आक्रमण, खानी, हवाई जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण, वन विनास आदी गैरप्राकृतिक प्रकोपका घटनाहरु रहेका छन् । यस अवधि भरमा ९९८ जना मानिसको मुत्यु भएको छ भने १७१ जना वेपत्ता भएका छन् । यसैगरी हालसम्म ५०९६८ घर परिवार अति प्रभावित भएका छन् । साथै विभिन्न प्रकोपका घटनाबाट यस अवधिमा ७८५ जना मानिस घाइते भएका छन् । यस अवधिमा १३७९ निजी घरहरु पूर्ण र ६९४१ वटा घरहरु आंशिक रुपले क्षति भएका छन् ।



*नक्सा १: सुदूरपश्चिम प्रदेश*

यस प्रदेशको विपद पार्श्वचित्र निर्माण का लागि नेपाल सरकार गृह मन्त्रालय डिआरआर पोर्टलको सन् २०१० सालदेखि २०१९ सालसम्मको तथ्याङ्कहरु विश्लेषण गर्दा यस प्रदेशमा मुख्य प्रकोपहरुको घटना र यस्ता घटनाहरुको पनरावृतिका आधारमा क्रमशः आगलागी, पहिरो, महामारी, बाढी, शीतलहर, हावाहुरी, असिना, सडक दुर्घटना र भुकम्प जस्ता प्रकोपहरु रहेका छन् । उल्लेखित प्रकोपहरुको विश्लेषण तल गरिएको छ ।

स्रोतः सुदूरपश्चिम प्रदेश, प्रादेशिक विपद व्यवस्थापन योजना, २०७६

### १.३ कैलाली जिल्लाको विपद् जोखिमको परिदृष्य

कैलाली जिल्लाको विपद्को इतिहास अध्ययन गर्ने हो भने भूकम्प, बाढी, पहिरो, हुरिबतास, चट्याङ, आगलागी, शितलहर, महामारी, सर्पदंश र सडक दुर्घटना आदि मुख्य विपद्मा पर्दछन् ।हाल महामारीको रुपमा कोभिड १९ पनी सन २०२० देखि मुख्य प्रकोपको रुपमा रहेको छ । भारतसंगको खुल्ला र मूख्य आवत जावतको नाकाले कोभिड १९ का कारण जनजिवनलाई आकान्त पार्दै आइरहेको छ । बर्षेनी घटने साना र ठूला विपद्का विभिन्न घटनाहरु मध्ये वाढी प्रमुख विपद्को रुपमा देखिन्छ भने हावाहुरी, आगलागी, सडक दुर्घटना, पहिरो, भू-क्षयका घटनाहरु पनि घटिरहेका देखिन्छन ।यस जिल्लाको उत्तर तर्फको भू-भाग भावर र चुरे पर्वत श्रृखलामा पर्ने भिरालो भएको कारणले वर्षातमा खहरे खोलाले एकतिर यस क्षेत्रको माटोलाई बगाएर लैजान्छ भने अर्कोतिर चुरे पहाडबाट बगाएर ल्याएको वालुवा, गेग्र्यानहरू समथर भूमिमा ल्याई थुपारी दिने गर्दछन् । जसले

गर्दा उव्जाउ भूमिहरू दिन प्रतिदिन मरुभूमिकरण भैहेका छन् । हालका दिनहरुमा ठुला नदी भन्दा पनी साना नदीखोलाहरुको जोखिम बढिरहेको पाईन्छ छ । यसका अतिरिक्त मोहना, कर्णाली, कान्द्रा, खुटिया, काँडा, कनरी, गुलरा, गोदावरी तथा चुरे पहाडबाट दक्षिणतिर बग्ने कैयौं वर्षे खोलाहरूबाट बाढीको बिपद् हुने गरेका लम्कीचुहा, टीकापुर, भजनी, घोडाघोडी, गौरीगंगा, धनगढी ,जानकी, जोशीपुर, कैलारी लगायतका पालिकाहरुमा वर्षातको समयमा बाढीका कारण डुवान र कटानबाट धनजनको क्षति हुने गरेको छ । बाढीको विपद् पश्चात स्वास्थ्य समस्या (जस्तै :टाईफाईड, झाडापखाला, मलेरिया, डेग्गु, आँखा पाक्ने तथा छाला सम्बन्धी रोगहरू) देखापर्दछ । भुकम्पिय जोखिमका दृष्टिकोणबाट यस जिल्लाका प्राय जसो शहर बजार हरु विना योजना शहरीकरण भएका कारण अव्यवस्थित बसोबास, असुरक्षित भवन तथा पुराना जिर्ण भौतिक संरचनाहरुका कारण साना तिना भुकम्पका झट्काबाट समेत भुकम्पिय जोखिम बढाउने देखिन्छ । यसरी नियमिति रुपमा भैरहेने विपदको सामना र पुर्वतयारीका लागी विगत २०६८ साल देखि कैलाली जिल्ला विपद पुर्वतयारी तथा प्रतिकार्य योजना तयार गरि प्रत्येक वर्ष अद्यावधिक गरिँदै आईरहेको छ । जसलाई यस विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना २०७८/७९ – ०८७/०८८ को लागी सन्दर्भ सामग्रीको रुपमा लिइएको छ ।

जनधनको व्यापक क्षति सहित बर्षेनी भैरहने बाढी, पहिरो जस्ता बिपद्हरुको बारम्बारता र त्यसले पुगाउने क्षतिको मात्रा पनि बर्षेनी बढ्दै गईरहेको छ । यसको प्रमुख कारणहरु मध्ये अनियन्त्रित बसाई सराईको कारण तराईका बन तथा चुरे क्षेत्रममा व्यापक वन फडानीका कारण माटो तथा गेग्रयान बग्न गई तराई क्षेत्रमा नदीहरुको सतह माथि आउनु, तराईका नदीका किनाराहरुमा अव्यस्थित र गैरकानूनी बसोबासको बढ्दो चलन, विपद्को दृष्टिले सम्वेदनशिलता नअपनाई बनाईने विकासका पूर्वाधारहरुको निर्माण, आम जनमानसमा विपद् सम्वन्धी आवश्यक जानकारी तथा सूचनाको अभाव, पहाडबाट बग्ने सबै नदीहरु अन्तमा गएर नेपाल र भारतलाई सीमानाकृत गर्ने मोहना नदीमा मिल्नु र मोहना नदी र कर्णाली नदी मिल्ने दोभानको केही किलोमिटर दक्षिणमा भारतीय भूभाग भित्र बाँधिएको कैलाशपुर बाँधका ढोकाहरु बर्षायाममा आवश्यक मात्रामा खुला नगरिदिनाले डुबान हुनका साथै विपद्को सामना गर्नका लागि संकटासन्न समुदाय तथा राज्यसँग स्पष्ट विपद् पूर्वतयारी योजना तथा स्रोत साधनको अभाव हुनु र तयार गरिएका योजना अनुसारको पुर्वतयारीको अभावका कारण समेत यस जिल्लामा जोखिम बढाईरहेको छ । बर्षात्को समयमा खास गरी बाढी, पहिरो, हावाहुरी, चट्याङ्ग, सर्पदंश, झाडापखाला जस्ता प्रकोपहरु यस जिल्लामा पटक-पटक दोहोरीने हुँदा सोको लागि जिल्ला बिपद व्यवस्थापन समितिको समन्वय तथा नेतृत्वमा जिल्लामा कार्यरत संघ/संस्था व्यक्ति तथा समुहहरु बिपद्को समयमा प्रभावितहरुलाई सहयोग पुऱ्याउन उल्लेखनीय कार्य गर्दै आइरहेका छन् । वर्षायाममा हुन सक्ने बाढी, पहिरो, सडक अवरोध तथा दुर्घटना, महामारी जस्ता प्रकोपहरुलाई दृष्टिगत गरी प्रकोप अगाडी अपनाइने सावधानीका उपायहरु, विपद्को समयमा गरिने खोज तथा उद्धार कार्य, राहत कार्य तथा प्रभावितहरुलाई तत्काल राहत वितरणका साथै बिपद् पश्चात गर्न सकिने मानविय सहयोग (ज्ञबलष्तबचष्बल ब्ककष्कतबलअभ) एवं पुन:र्निमाण र पुर्नस्थापनाको क्षेत्रमा विपद प्रभावित परिवार तथा व्यक्तिहरुलाई आधारभूत सहयोग गर्न सकिने विषयहरुमा आधारित रही यो जिल्ला बिपद् पुर्वतयारी तथा प्रतिकार्य योजना २०७८ तयार गरि जिल्ला विपद व्यवस्थापन समिति, कैलालीको मिति २०७८ असाढ २ गतेको बैठकबाट स्विकृत गरि लागु गरिएको छ ।

स्रोत: विपद् पर्वतयारी तथा प्रतिकार्य योजना, कैलाली, २०७८

### १.४ विपद् जोखिमको स्थानीय अवस्था

सुदुरपश्चिम प्रदेशमा अवस्थित गोदावरी नगरपालिका कैलालि जिल्लाको मध्यपश्चिम भागमा अवस्थित रहेको छ । जिल्ला सदरमकाम धनगढीबाट १५ कि.मी.को दुरी रहेको यो नगरपालिकाको ३०८.६३ बर्ग कि.मी. छ यसको पूर्वमा गौरीगंगा न.पा. र चुरे गाउंपालिका, पश्चिममा कन्चनपुर जिल्ला, उत्तरमा चुरे गाउंपालिका र दक्षिणमा धनगढी उपमहानगरपालिका रहेका छन ।




*नक्सा २: गोदावरी नगरपालिका*

भौगोलिक वनावट अनुसार यस नगरपालिकालाई तीन भागमा विभाजन गर्न सकिन्छ । (क) तराईको समथर भूमी (ख) भावर प्रदेश (ग) चुरे पर्वत श्रेणी, नगरपालिकाको उत्तर क्षेत्र भावर क्षेत्र र चुरे पर्वत श्रृङ्खलामा पर्ने भएकोले यस क्षेत्रमा जनसंख्याको खासै चाप नरहेको देखिन्छ । चुरे श्रृंखला भू–बनोटको आधारमा वस्ती वस्ने योग्य देखिदैन । नगरपालिकाको कूल भूभाग मध्ये अधिकाँश भू-भाग (करीब ७० प्रतिशत) औषत १ डिग्री भन्दा कम भिरालो भएको क्षेत्रले ढाकेको छ भने चुरे क्षेत्रमा जमिन १२३१ मिटर उचाँईसम्म उठेको छ । भौगर्भिक रुपमा चुरे पहाडको उत्तरी मोहडा सामान्य भिरालो छ भने दक्षिण मोहडा अति भिरालो छ । तराईको भू-भाग १२७ मिटर देखि २७५ मिटर उचाँइको बीचमा रहेको छ । यस नगरपालिकाको केन्द्र अत्तरिया वजार समुद्र सतह भन्दा १४९ मिटर उंचाईमा रहेको छ । यस नगरपालिका र यसको आसपास वरपर रहेर वग्ने प्रखुख नदीहरुमा गोदावरी नदी, खुटिया खोला र मोहना नदी, खैराना नदी र अन्य ससाना नदीहरुले यस नगरपालिकामा स्थाई अथवा अस्थाई सिंचाई सुविधा उपलव्ध गराएका छन । मोहना नदी देशकै ठुला नदीमा पर्दछ जस्ले कैलाली जिल्ला र कन्चनपुर जिल्लाको सिमानामालाई छुट्याउने काम गर्दछ ।

गोदावरी नगरपालिकाको घरधुरी सर्वेक्षण २०७५ अनुसार यस नगरपालिकाको कुल जनसंख्या ९३६८६ जनसंख्या रहेको छ । जहां नगरपालिका क्षेत्र भित्र १६९७८ घरधुरीहरुको बसोबास रहेको छ । कूल ४७४८७ पुरुष रहेका छन भने महिला ४६०७९ र १२० तेश्रोलिङ्गीको जनसंख्या रहेको छ । जनगणना २०६८ अनुसार यस नगरपालिकाको जनसंख्या बृद्धिदर २.२९ रहेको छ । (स्रोत: नगर वस्तुगत पार्श्वचित्र गोदावरी, २०७६)

यस नगरपालिकामा विद्यमान प्रमुख विपद्हरुमा भुकम्प, बाढी, डुवान, बालिमा लाग्ने रोग किरा, शितलहर, हावाहुरी, असिना, आगलगी, सुख्खा खडेरी, चटयाङ, जंगली जनावर आक्रमण, महामारी, सडक दुर्घटना, सर्प दंश आदि पर्दछन । नगरपालिकाको वडा स्तरको तथ्याङ्कको अनुसार यस नगरपालिकाको क्षेत्रमा सबै भन्दा बढी बाढी र डुवान बाट जनधनको क्षति हुने गरेहको पाईन्छ । बहु-संवेदनशील जोखिम विश्लेषण अनुसार करिब २३.४२% भूमी अत्यधिक जोखिमयुक्त क्षेत्रमा ४९.९३% भूमी मध्यम स्तरको जोखिमयुक्त क्षेत्रमा र २६.६५% भूमी न्यून जोखिमयुक्त क्षेत्रमा रहेको देखिन्छ । यस नगरपालिका क्षेत्रमा

औंल्याइएका मुख्य जोखिमहरु जस्तै, हावाहुरी, बाढी, डुवान, पहिरो, भूकम्प, आगलागि, लू, शीतलहर तथा जंगली जनावरको प्रकोपका रुपमा पाइएका छन् । यसरी बहु-संवेदनशील जोखिम विश्लेषणका क्रममा मुख्यतया निम्न ४ प्रकार जोखिमहरुलाई नै बढी संवेदनशील जोखिमको रुपमा लिइएको छ ।

१. बाढी/डुवान
२. पहिरो
३. भूकम्प
४. आँधिवेहरी/ हावाहुरी

यसरी प्रत्येक जोखिमलाई अलग-अलग किसिमले हेर्दा बाढी/डुवानको जोखिमलाई १०० वर्षमा एक पटकको हिसावले अनुमान गर्दा करिव ९३.६८% घर परिवारहरु सुरक्षित अर्थात न्यून जोखिमयुक्त क्षेत्रमा रहेको देखिन्छ भने ४.८९% घरपरिवार मध्यम प्रकारको जोखिमयुक्त क्षेत्रमा छन् र केवल १.३२% घरपरिवार मात्र अत्याधिक जोखिम युक्त क्षेत्रमा रहेको देखिन्छ ।




*नक्शा ३ १०० वर्षमा एक पटक आउने अनुमानित बाढी प्रकोपको नक्शा*

बाढी/डुवान को प्रकोप हेर्ने हो भने पहिरोको जोखिमलाई लिन सकिन्छ। यस जोखिमको विश्लेषणबाट हेर्दा २३.४२% भू-भाग अत्यधिक जोखिमयुक्त क्षेत्रमा रहेको देखिन्छ भने ४९.९३% भू-भाग मध्यस्तरको जोखिमयुक्त क्षेत्रमा रहेको पाइन्छ ।

यसै गरी भूकम्पीय जोखिम विश्लेषणको लागि ४७५ वर्षको अन्तरालमा आउन सक्ने महाभूकम्पको क्षति आंकलन अनुसार करिब ८.५७% घरहरु उच्च जोखिममा रहेका छन् भने क्रमश: ४४.२५% र ४७.१९% घरहरु मध्यम र न्यून जोखिममा रहेका देखिन्छन् । मुख्यतया भवनहरुको बनोट, आकार, प्रयोग गरिएका निर्माण सामग्रीको गुणस्तर एवं भवन संहिताको अवलम्बन नगरी आ-आफ्नो किसिमबाट बनाइएका भवनहरु जोखिमयुक्त छन् । अर्कोतर्फ हेर्ने हो भने नगरपालिका क्षेत्रका केही स्थानहरुमा बनाइएका आवासीय भबनहरु जग्गाधनी प्रमाण पुर्जा नभएको कारण नक्सापास विना नै निर्माण गरिएको र भूकम्पीय जोखिमलाई विचारै नगरी प्राविधिकहरुको सल्लाह बिना नै निर्माण गरिएको हुनाले भवनसंहिता बमोजिम नभएको पाइन्छ । यसैगरी हावाहुरी/आँधीवहेरीको प्रकोप नगरपालिकाका केही क्षेत्रहरुमा उच्च देखिएको पाइन्छ । अग्ला पहाडी भागमा यसको प्रकोप बढी मात्रामा देखिएको छ । आवास भवनहरुको निर्माण शैली, जस्ता, टाइल र फुसको छाना भएका घरहरु उच्च जोखिममा रहेको पाइन्छ ।

जोखिम संवेदनशील भू-उपयोग क्षेत्रको अध्ययनलाई वैज्ञानिक विश्लेषण, विगतका विपद जोखिमका घटनाहरु तथा अन्य स्रोतबाट प्राप्त तथ्याङ्क र नतिजाको आधारमा ५ प्रकारका भू-उपयोग क्षेत्रहरु विभाजन गरिएको छ । सोही विषयलाई आधार मानी जोखिमको स्तर हेरी कुन क्षेत्रलाई कस्तो किसिमले विकास गर्न सकिन्छ भन्ने अवधारणाका लागि अल्पकालीन शहरी बृद्धि केन्द्र अन्तरगत करिब ७८४.९७ हेक्टर भू-भागलाई विकास गर्न योग्य ठानीएको छ। यसरी जोखिम सम्वेदनशील भू-उपयोग क्षेत्र अनुसार करिब १८६२.०५ हेक्टर भू-भागमध्ये ११८.९५ हेक्टर भू-भाग मात्र उच्च जोखिम क्षेत्र अन्तरगत पर्न गएकोछ । परापूर्वकाल देखि बस्तीको रुपमा विकास हुदै आएका कतिपय स्थानहरु मध्ये केही घर अथवा घर परिवारहरु उच्च जोखिममा रहेका छन् भने त्यस्तो परिवारहरुलाई उक्त ठाउबाट अन्यत्र सुरक्षित ठाउमा स्थानान्तरण गर्ने कार्य त्यतिको सहज देखिदैन, त्यसका लागि वाढीको प्रकोपबाट वच्न इन्जिनियरङ्ग उपायहरु अवलम्वन गर्नुपर्ने हन्छ । साथै उक्त क्षेत्रमा रहेका घरहरुको समेत जोखिमका आधारमा प्रचलित मापदण्ड अपनाई निर्माण गर्नसक्ने प्रावधान अपनाउनु पर्ने हुन्छ । त्यसैगरी अत्यधिक मात्रामा मानिसहरु जम्मा हुने किसिमका संरचनाहरुलाई निरुत्साहित गर्ने नीति समेत अवलम्वन गरिएकोछ । साथै योजना अनुमति अथवा निर्माण स्वीकृति दिने व्यवस्था लागू गर्नुपर्ने हुन्छ । यस कारण जोखिममा परेका उच्च जोखिम केन्द्रहरुमा सम्भव भएसम्म केही हदसम्म विकास गर्ने कार्यलाई निषेध गर्नुपर्ने हुन्छ । उच्च जोखिम क्षेत्रमा रहेका अत्यावश्यक सेवा तथा सुविधाहरुलाई भने यथासमयमा सुरक्षित क्षेत्रमा स्थानान्तरण गर्नुपर्ने हुन्छ । पहिरोको उच्च जोखिममा रहेका बस्तिहरुलाई भने इन्जिनियरङ्ग भूगर्भ शास्त्रीको राय बमोजिम न्यून जोखिमयुक्त क्षेत्रमा स्थानान्तरण गर्नुपर्ने देखिन्छ। यसको लागि नगरपालिकाको तर्फवाट आवश्यक कदम चाल्नुपर्ने हुन्छ। भौतिक विकास योजना तर्जुमा गर्दा राष्ट्रिय भवन संहिताको सफल एवं अनिवार्य कार्यान्वयन गर्नु अति




*नक्शा ४ जोखिम सम्वेदनशिल भू—उपयोग क्षेत्रको*



आवश्यक छ, जसले गर्दा भूकम्प, वाढी तथा आँधीवहेरी ⁄हावाहुरीका कारण जमिनमाथि रहेको संरचनाहरुमा पर्ने प्रभावलाई न्यूनीकरण गरी सुरक्षित बस्ती विकासमा सहयोग पुग्नेछ ।

भू-क्षय तथा पहिरो जस्ता प्राकृतिक प्रकोपसम्बन्धी जोखिमको खतरालाई न्यूनीकरण तथा जोखिमको क्षतिलाई घटाउनको लागि पर्यावरणीय प्रणालीमा आधारित अनुकुलता बमोजिम जोखिम क्षेत्रको पहिचान गरी अवलम्वन गर्न सकिन्छ । उदाहरणको लागि भिरालो क्षेत्रको स्थिरीकरणको लागि वायो इन्जिनियरिङ्ग (द्यष्य भ्लनष्लभभचष्लन), पुनः वृक्षारोपण, पर्यावरणीय तथा अन्य उपायहरु समेत अवलम्वन गर्नुपर्ने देखिन्छ ।



नक्शा ५ प्रस्तावित सडक सन्जालको नक्शा

उपलब्ध पूर्वाधार तथा विकसित सेवा तथा सुविधाको आधारमा शहरी विकास केन्द्रहरुको परिकल्पना गरिएकोछ र त्यसैलाई आधार मानी नगरपालिकाको तर्फबाट लगानी गरिने विकास योजनाहरुलाई समेत स्थानीय क्षेत्रगत विकास योजना अन्तरगत राखी कार्यान्वयन गर्ने नीति अपनाइएकोछ । यसले गर्दा सन्तुलित विकासलाई समेटी ग्रामीण परिवेशमा रहेका तेश्रो श्रेणीका विकास केन्द्रहरुलाई समेत पुनर्विकास हुने अवसर प्राप्त हुनेछ । त्यसले शहर-ग्रामीण क्षेत्रबीचको अन्तर सम्वन्धलाई समेत प्रोत्साहन गरी शहर केन्द्रित व्यवसायहरुलाई ग्राणीम क्षेत्रतर्फ आकर्षण गर्ने देखिन्छ । (स्रोतः जोखिम संवेदनशील भू–उपयोग योजना गोदावरी नगरपालिका, २०७८)

परिच्छेदः दुई

# २. विपद् जोखिम न्यूनीकरण सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्था

## २.१ अन्तर्राष्ट्रिय कार्यढाँचा तथा रणनीतिहरु

### विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाई कार्यढाँचा सन् २०१५ – २०३०

सेण्डाई कार्यढाँचाले विपद जोखिम न्यूनीकरणका लागि निर्धारण गरेका विश्वव्यापी सातवटा लक्ष्ययहरुमा विश्वव्यापी रुपमा विपदबाट हुने मृत्युदर उल्लेख्य रुपमा कम गर्ने, विपद्बाट प्रभावित हुने जनसंख्या उल्लेख्य रुपमा कम गर्ने, विपद्को कारणबाट हुने आर्थिक क्षति उल्लेख्य रुपमा घटाउने, विपद्बाट हुने संवेदनशील पूर्वाधारको नोक्शानी घटाउने, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय तथा स्थानीय रणनीति भएका देशहरुको संख्या बढाउने र बहुप्रकोप पूर्वसूचना प्रणाली र विपद् जोखिम सम्बन्धीसूचनाको पहुँच र उपलब्धता बढाउने रहेका छन् । उपरोक्त लक्ष्य हासिल गर्नका लागि चारवटा प्राथमिकताहरु विपद् सम्बन्धी बुझाई, विपद् जोखिमन्यूनीकरणलागि सबलीकृत विपद् जोखिम सुशासन्, विपद् जोखिम न्यूनीकरणमा लगानी प्रवद्धन गर्ने र पुर्नस्थापना र पुनर्निर्माणका क्रियाकलापहरुमा अझ राम्रो अझ बलियो निर्धारण गरेको छ ।

### दिगो विकास लक्ष्य सन् २०१५–२०३०

दिगो विकास लक्ष्य २०१५–२०३० उत्थानशील विकासका लागि विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकुलनका विषयलाई विकास लक्ष्यमा समावेश गरिएको दस्तावेज हो । दिगो विकास लक्ष्यमा विपद् जोखिम न्यूनीकरणको सवाल विभिन्न क्षेत्रसँग सम्बन्धित लक्ष्यहरुमा समावेश भएका छन् । दिगो विकासका १७ लक्ष्यहरुमध्ये १० वटा र ६९ वटा प्रमुख सूचक मध्ये २५ वटा सूचकहरु विपद् जोखिम न्यूनीकरण र उत्थानशीलतासँग सम्बन्धित छन् । दिगो विकास लक्ष्यले जोखिमका अर्न्तनिहित कारणहरुलाई क्षेत्रगत र नियमित विकास प्रयास मार्फत सम्बोधन गरेर जोखिम सुसूचीत विकास र उत्थानशील भविष्यको सुनिश्चितता गर्दछ भने सेण्डाई कार्यढाँचाले अघि सारेका सातवटा लक्ष्यले विश्वव्यापी लक्ष्यमार्फत विपद्बाट हुने मानवीय, आर्थिक र पूर्वाधारको क्षति तथा नोक्सानीलाई घटाउँदै विकासको दिगोपनालाई सुनिश्चित गर्न मद्धत गर्दछ ।

## २.२ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि राष्ट्रिय कानून नीति तथा कार्ययोजना

### नेपालको संविधान २०७२

नेपालको संविधानमा अनुसूची ८ ले स्थानीय तहको एकल अधिकारको सूचीका २२ बुँदामध्ये एउटा बुँदामा विपद् व्यवस्थापन रहेको छ । अनुसूची ९ मा संघ,प्रदेशर स्थानीय तहको अधिकारको साझा सूचीमा विपद् व्यवस्थापनलाई राखिएको छ । यसरी नेपालको वर्तमान संविधानले विपद् व्यवस्थापनसँग सम्बन्धित विषयलाई तीनवटै तहको साझा अधिकार क्षेत्रको रुपमा परिभाषित गरेको छ ।

### विपद् जोखिम न्यूनीकरण नीति २०७५

यस नीतिमा सेण्डाई कार्यढाँचा, दिगो विकासका लक्ष्यहरु,जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्झौता लगायतका अन्तर्राष्ट्रिय सन्धि सम्झौता एवं राष्ट्रिय आवश्यकता महशुस गरी विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा उत्थानशील राष्ट्रको निर्माण गर्दै दिगो विकासमा योगदान पुर्याउने दीर्घकालीन सोचका साथ विपद् जोखिम न्यूनीकरण नीति २०७५ लागु भएको

छ । यस नीतिको योजनाबद्ध कार्यान्वयनका लागि तीनै तह संघ,प्रदेश र स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन रणनीतिक कार्ययोजनाका साथै आवधिक, वार्षिक तथा आकस्मिक योजना तर्जुमा गरी कार्यान्वयन गरिने विषयगत मन्त्रालय,सार्वजनिक निकायहरु,विकास साझेदार तथा निजी क्षेत्रको कार्यक्रम तर्जुमा एवं लागु गर्दा यस नीतिलाई मार्गदर्शनको रुपमा लिइने, प्रदेश तथा स्थानीय सरकारका आवधिक तथा वार्षिक योजना तथा कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्दा यस नीतिलाई मार्गदर्शनको रुपमा लिइनेछ ।

### विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ (पहिलो संशोधन २०७५)

यस ऐनले विपद जोखिम न्यूनीकरण र व्यवस्थापनका सबै चरणहरुलाई बृहत रुपमा समेटेको छ र दोश्रो कुरा संघीय संविधानको मर्म अनुरुप विपद् व्यवस्थापनको तहगत संरचना निर्धारण गरिएको छ । जसमा केन्द्रमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद र कार्यकारी समिति, प्रदेशमा प्रदेश विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद र कार्यकारी समिति, जिल्लामा जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय तहमा स्थानीय विपद् व्यवस्थापन समिति रहने व्यवस्था गरिएको छ । तेश्रो कुरा नियमित र रणनीतिक रुपमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको कार्य गर्न र विपद् जोखिम सुसूचीत विकास योजनाको कार्यान्वयन मार्फत उत्थानशीलता विकास गर्नको लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय प्राधिकरण स्थायी संरचनाको प्रादुर्भाव भयो । त्यसैगरी यस ऐनले तीनवटै तहका सरकारलाई विपद् व्यवस्थापन कोष व्यवस्थापन र सञ्चालन गर्ने र राहत व्यवस्थापन र वितरण गर्ने अधिकार प्रत्यायोजन गरेको छ । संघ,प्रदेश र स्थानीय तीनवटै सरकारलाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी दीर्घकालीन, मध्यकालीन तथा अल्पकालीन नीति, रणनीतिक योजना तथा कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गर्ने गराउने अधिकार प्रदान गरेको छ ।

### विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८–२०३०

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८–२०३०, सेण्डाई कार्यढाँचा २०१५–२०३० लगायतका अन्तर्राष्ट्रिय प्रतिबद्धताको जगमा उभिएर निर्माण गरिएको छ । यसमा संघ, प्रदेश तथा स्थानीय सरकारका सबै सरोकारवाला संघ संस्थाहरु, समूदायहरु अन्तर्राष्ट्रिय संघसंस्थाहरुको सहभागिता र सहयोगमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको काम गरिने उल्लेख छ । संघ, प्रदेश तथा स्थानीय सरकारका सबै सरोकारवाला निकायहरुको पूर्ण सहभागिता सार्वजनिक र निजी क्षेत्रका सरोकारवालाहरुको जिम्मेवारीमा स्पष्टता, जवाफदेहिता, कार्यान्वयनमा सक्रीय संलग्नता, साझेदारी सुनिश्चित गरिने । त्यसैगरी स्थानीय तह तथा समूदायलाई श्रोत साधन तथा निर्णय गर्ने जिम्मेवारी मार्फत विपद् जोखिम न्यूनीकरण तथा सशक्तिकरण गरिने । विपद् जोखिम न्यूनीकरणका लागि बहुप्रकोप अवधारणा तथा विज्ञानमा आधारित विपद् सम्बन्धी तथ्याङ्कको सहज उपलब्धता, खुला आदानप्रदानको माध्यमबाट समावेशी जोखिम सूचना एवं जानकारीमा आधारित निर्णय गरिनेछ । जोखिमका स्थानीय र विशिष्ठ विशेषतालाई बुझी जोखिम न्यूनीकरणका उपायहरु अवलम्बन गरिने जस्ता कुराहरु मार्गदर्शक सिद्धान्तको रुपमा राखिएको छ ।

यस रणनीतिक कार्ययोजनाको उद्देश्य विपद्बाट जीवन तथा धनसम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरु भौतिक एवं सामाजिक पूर्वाधार, साँस्कृतिक एवं वातावरणीय सम्पदामा हुने क्षतिको उल्लेख्य रुपमा न्यूनीकरण गर्न विभिन्न रणनीतिक कृयाकलापको पहिचान गरी आवधिक तथा वार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्दै विपद जोखिम न्यूनीकरण,

रोकथाम, पूर्वतयारी, प्रतिकार्य तथा पुनर्स्थापना र पुनर्निर्माणको सुदृढीकरण र उत्थानशीलता अभिवृद्धि गरी विद्यमान विपद् जोखिम तथा क्षतिको न्यूनीकरण र नयाँ जोखिमको रोकथाम गर्नु रहेको छ। विकास प्रकृयामा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गरी दिगो विकासमा सहयोग पुर्याउन समष्टिगत अवधारणालाई आत्मसाथ गर्दै सेण्डाई कार्यढाँचालाई मूल मार्गदशनको रुपमा लिएर ४ वटा प्राथमिकता प्राप्त क्षेत्रहरु र १८ प्राथमिकता प्राप्त कार्यहरु निर्धारण गरेको छ।

### नेपालको दिगो विकास लक्ष्यहरु

नेपालले दिगो विकास लक्ष्यहरु विश्वव्यापी दिगो विकासका लक्ष्यहरुलाई अधारमानी कार्यान्वयन गर्नकालागि तय गरेको छ। आर्थिक विकास, सामाजिक समानता र वातावरणीय संतुलनका तीनवटा आयामहरुमा आधारित दिगो विकासको अवधारणमा तयार भएको दिगो विकास लक्ष्यले यसका विभिन्न परिमाणात्मक लक्ष्यभित्र विपद् जोखिम न्यूनीकरणका सूचकहरु समेटेको छ। गरीबी र संकटासन्न अवस्थामा रहेका मानिसहरुको उत्थानशीलता निर्माण गर्ने र यस्ता मानिसहरुको वातावरणसँग सम्बन्धित विषम घटनाहरुका साथै अन्य आर्थिक,सामाजिक र वातावरणीय नकारात्मक पक्षहरु, विपद्का जोखिमहरु र कमजोरपनालाई कम गर्ने। विपद्का कारण मृत्यु हुने बेपत्ता भएका व्यक्तिहरुको संख्या उल्लेख्य रुपमा घटाउने, विपद्को कारण राष्ट्रिय कुल ग्राहस्थ उत्पादनमा भएको प्रत्यक्ष आर्थिक क्षति घटाउने, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण रणनीति अनुरुप स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिहरु लागु गर्ने स्थानीय सरकारको अनुपात बढाउने जस्ता विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाका सूचकहरु समेत समेटिएको छ। यसरी नेपालले दिगो, उत्थानशील विकास र जोखिम न्यूनीकरणका लागि राष्ट्रिय तहमा रणनीति र कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइसकेको छ (राष्ट्रिय योजना आयोग २०७६)।

### प्रादेशिक कानून, नीति तथा कार्ययोजना

अधिकार बाडफाँड सम्बन्धमा नेपालको संविधान २०७२ को अनुसूचि ९ ले विपद् व्यवस्थापन तीनवटै तहको साझा अधिकारको रुपमा सूचीकृत गरेपछि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ (पहिलो संशोधन २०७५) ले प्रदेशमा प्रदेश विपद् व्यवस्थापन परिषद र प्रदेश कार्यकारी समिति रहने व्यवस्था गरेको छ। प्रदेश विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत १९ वटा जिम्मेवारीहरु तोकेको छ। आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश सरकारको विपद् जोखिम व्यवस्थापनको फोकल मन्त्रालय हो। सुदूरपचिम प्रदेशले विपद व्यवस्थापनसँग सम्बन्धित कार्यलाई व्यवस्थित गर्नका लागि प्रदेश विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५, प्रदेश विपद् व्यवस्थापन तथा राहत वितरण निर्देशिका, २०७६ (पहिलो संशोधन) र मंशुन पूर्वतयारी तथ प्रतिकार्य कार्ययोजना, २०७८, सुदूरपचिम प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक, २०७५ जारी गरेको छ। आन्तरिक मामिला तथा कानून मन्त्रालय अन्तर्गत विपद् व्यवस्थापन शाखाहरु, प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्र सञ्चालित छन्।

### स्थानीय अभ्यास

नेपालको संविधान २०७२ मा अनुसूचि ९ ले अधिकार बाँडफाँड सम्बन्धी विपद् व्यवस्थापन तीनवटै तहको साझा अधिकारको रुपमा सूचीकृत गरेको छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ (पहिलो संशोधन २०७५) ले नगरपालिका वा गाउँपालिका तहमा स्थानीय विपद् व्यवस्थापन समिति रहने व्यवस्था गरेको छ भने विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६ ले स्थानीय विपद् व्यवस्थापन समितिले वडास्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गरी कार्य सञ्चालन गर्नसक्ने व्यवस्था गरेको छ।

यस गोदावरी नगरपालिका क्षेत्रभित्र बाढी, डुवान, बालिमा लाग्ने रोग किरा, शितलहर, हावाहुरी, असिना, आगलगी, सुख्खा खडेरी, चटयाङ, जंगली जनावर आक्रमण, महामारी, सडक दुर्घटना, सर्प दंश जस्ता विपद्का घटनाहरुका कारण जनधनको क्षति न्यूनीकरण गर्ने सन्दर्भमा उत्पन्न कानूनी अड्चन पन्छाउँदै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५, कोष संचालन तथा परिचालनको लागि स्थानीय विपद व्यवस्थापन कोष संचालन कार्यविधि, २०७५, आपतकालिन कार्य संचालन केन्द्र कार्य संचालन कार्यविधि, २०७७, बाढी पूर्वतयारकोलागि आवास कार्य संचालन कार्य विधि, २०७७ र विपद् जोखिम न्यूनीकरण स्थानीय कार्यमञ्चको संचालन मार्गदर्शन, २०७७ जारी गरी कार्यान्वयन गरेको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनले नगर विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारहरु निर्धारण गरेको छ । त्यसैगरी वडास्तरीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार, सुरक्षा निकाय तथा अन्य सरकारी तथा गैरसरकारी निकायहरुको परिचालन, नगर विपद् व्यवस्थापन कोषको व्यवस्थापन र परिचालन जस्ता सवालहरुलाई समेटेको छ । नगरपालिकामा विपद् व्यवस्थापन शाखा र स्थानीय आपतकालिन कार्य संचालन केन्द्र स्थापना गरी उपरोक्त कार्यहरुलाई प्रभावकारी रुपले परिचालन गर्ने गराउने अख्तियारी प्रदान गरेको छ ।

परिच्छेदः तीन

# विपद् जोखिम न्यूनीकरणकालागि स्थानीय रणनीतिक कार्ययोजना

## ३.१ परिचय

सन् २०२०-२०३० विपद् उत्थानशील समुदाय निर्माण गर्दै दिगो विकासका लक्ष्यहरू हासिल गर्न सहयोग पुऱ्याउने सन्दर्भमा स्थानीय स्तरमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यका लागि प्रतिबद्धता सहितको, विपद् जोखिम न्यूनीकरणको लागी तयार गरिएको एक प्रकारका स्थानीय दस्तावेज – "स्थानीय विपद् जोखिम न्यूनीकरण रनीतिक कार्ययोजना आ.व. २०७८/७९ – ०८७/०८८ हो ।" यस कार्ययोजनाले विपद् व्यवस्थापनका लागि जोखिम न्यूनीकरणमा केन्द्रितभई बृहत अवधारणामा जोड दिन्छ । यो कार्ययोजना तर्जुमा गर्दा विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाइ कार्य ढाँचा सन् २०१५-२०३०, विपद् जोखिम न्यूनीकरणका लागि राष्ट्रियरणनीतिक कार्ययोजना सन् २०१८-२०३० र नगरपालिकाले तयार गरेको नितीगत दस्तवेज लगायतका अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुरूप स्थानीयकरण गरी समेटेको छ ।

## ३.२ अल्पकालीन र मध्यकालीन सोच, अपेक्षित परिणाम, उद्देश्य र लक्ष्य

**अल्पकालीन र मध्यकालीन सोच**

गोदावरी नगरपालिकालाई विपद् जोखिमबाट सुरक्षित, अनुकुलित तथा उत्थानशील नगरको रूपमा स्थापित गर्दै स्थानीय विकासमा योगदान पुऱ्याउने तथा नेपालको राष्ट्रिय विपद् जोखिम न्यूनीकारण रणनीतिक कार्ययोजनाले तय गरेका लक्ष्यलाई प्राप्तगर्न योगदान पुरयाउने, यस विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाको अल्पकालीन र मध्यकालीन सोच रहेको छ ।

**अपेक्षित परिणाम**

विपद्का कारण मृत्यु हुने बेपत्ता भएका व्यक्तिहरुको संख्या उल्लेख्य रुपमा घटाउने, विपद्को कारण नगरपालिकाको कुल ग्राहस्थ उत्पादनमा भएको प्रत्यक्ष आर्थिक क्षति घटाउने, स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीति अनुरुप स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिहरु लागु गर्ने स्थानीय सरकारको अनुपात बढाउने यस रणनीतिक कार्ययोजनाको अपेक्षित परिणाम रहने छ ।

**उद्देश्य**

भुकम्प, बाढी, डुवान, बालिमा लाग्ने रोग किरा, शितलहर, हावाहुरी, असिना, आगलगी, सुख्खा खडेरी, चटयाङ, जंगली जनावर आक्रमण, महामारी, सडक दुर्घटना, सर्प दंश जस्ता प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरू, भौतिक एवं सामाजिक पूर्वाधार, साँस्कृतिक एवं वातावरणीय सम्पदामा हुने क्षतिको उल्लेख्य रूपमा न्यूनीकरण गर्न विभिन्न रणनीतिक क्रियाकलापहरूको पहिचान गरी वार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्दै विपद् जोखिम रोकथाम, पूर्वतयारी, प्रतिकार्य एवं पुनर्स्थापना तथा पुनर्निर्माणको सुदृढीकरण उत्थानशीलता अभिवृद्धि गरी

विद्यमान विपद् जोखिम तथा क्षतिको न्यूनीकरण नयाँ जोखिमको रोकथाम गर्नु यस रणनीतिक कार्य योजनाको उद्देश्य रहेको छ ।

**लक्ष्य**

नगर भित्र जीविकोपार्जनका स्रोत साधनहरुका साथै कृषि, सडक, सञ्चार, खानेपानी तथा सरसफाइका संरचना, स्वास्थ्य र शैक्षिक सुविधाहरु जस्ता महत्वपूर्ण पूर्वाधार तथा आधारभूत सेवाहरूमा विपद्ले पुऱ्याउने क्षति एवं अवरोधलाई कम गर्दै साथै विपद्बाट हुने मृत्युदर तथा प्रभावित व्यक्तिहरुको संख्या उल्लेख्य रुपले कम गर्नु, तिनीहरुको उत्थानशीलता वृद्धि गर्नु र विपद्बाट हुने प्रत्यक्ष आर्थिक क्षति कम गर्नु रहेको छ ।

## ३.३ विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तर्जूमा र कार्यान्वयन

विपद जोखिम न्यूनीकरणका लागि नगर स्तरीय रणनीतिक कार्ययोजना तर्जुमा र कार्यान्वयन गर्दा देहाय बमोजिमका चरणहरु अपनाईको छ ।

| चरण | क्रियाकलापहरू |
|---|---|
| चरण ५ | कार्यान्वयन, अनुगमन र मूल्याङ्कन |
| चरण ४ | रणनीतिक कार्ययोजना तर्जुमा र स्वीकृति |
| चरण ३ | लक्ष्य र सूचकहरू निर्धारण |
| चरण २ | क्षति तथा विपद् जोखिमको विश्लेषण |
| चरण १ | संस्थागत निर्णय र तयारी |

स्रोतः स्थानीय विपद् जोखिम नयूनीकरण रणनीतिक कार्ययोजना तर्जुमा दिग्दर्शन, २०७८

चित्र नं. १: विपद जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तर्जुमाका चरणहरु

**चरण १: संस्थागत निर्णय र तयारी**

मंसिर २२, २०७८ मा विपद् व्यवस्थापन समितिको बैठकले विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना निर्माण गर्ने निर्णय गऱ्यो । विपद् व्यवस्थापन शाखाका प्रमुखलाई तयार नेपाल परियोजनाको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण गर्ने जिम्मेवारी तोक्यो । सोही अनुसार नगर विपद् जोखिमको विश्लेषण, जोखिमको स्थानीय परिदृश्य र विपद् व्यवस्थापनमा विद्यमान नीतिगत तथा कानूनी पक्षको पुनरावलोकन गरी नगरपालिकास्तरीय प्रमुख प्रशासकिय अधिकृत ज्यूको अध्यक्षतामा विषय क्षेत्र बैठकको आयोजना गऱ्यो । नगरपालिका स्तरीय विपद् व्यवस्थापन समिति, विषयगत क्षेत्रका प्रमुख, सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाईटी, विभिन्न सरकारी तथा गैरसरकारी निकायको सहभागीतामा छलफल गरी विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाका विषयहरुको बारेमा छलफल भयो । विपद् व्यवस्थापन शाखा प्रमुखको अगुवाईमा नगरपालिका का

१२ वटै वडा प्रमुखहरुसंगको छलफलबाट हरेक वडाको विपद् जोखिमको अवस्था, विपद् जोखिमको ऐतिहासिक विवरण तथा विद्यमान श्रोत साधन र क्षमताको विश्लेषण गरि आवश्यक सुझावहरु संकलन गरियो । १२ वडाबाट प्राप्त सूचनाहरुलाई एकीकृत गरी पुन स्थानीय विपद् व्यवस्थापन समितिको बैठकमा छलफल गरियो साथै अन्य निकायहरुबाट आएका सल्लाह र सुझावहरु संकलन गरी एकीकृत गरियो । यस आधारमा विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाको मस्यौदा तयारी भयो ।

**चरण २: विपदबाट विगतमा भएको क्षति र प्रकोप जोखिमको विश्लेषण**

वडा एवं सामुदायिक विपद व्यवस्थापन समितिका पदाधिकारी एवं सदस्य तथा विज्ञहरुको सहभागितामा वडामा जोखिम प्रकोपको प्राथमिकता र विपदको विश्लेषण गरिएको थियो । विपद विश्लेषण गर्दा टोल /वडा/नगरपालिकामा उपलब्ध भएसम्म विगत २० वर्षमा घटेका विभिन्न विपद जन्य घटनाबाट मानवीय, भौतिक, आर्थिक, सामाजिक र प्राकृतिक स्रोतहरूमा भएका क्षति सम्बन्धी तथ्याङ्क र अन्य प्रभाव सम्बन्धी जानकारी सङ्कलन र विश्लेषण गरिएको छ । यद्यपि तत्थ्याक संकलनको क्रममा वडा तथा नगर विपद व्यवस्थापन समितिका प्रतिनिधि साथै, वडा कार्यालय मार्फत समेत यकिन तत्थ्यांक अध्यावधिक गरिएको छ । यसका लागि **जोखिम संवेदनशील भू–उपयोग योजना गोदावरी नगरपालिकालाई** समेत आधार वनाईएको छ । विपद्बाट भएको जनधनको क्षति तथा विभिन्न उत्पादन मूलक तथा सेवामूलक क्षेत्रमा परेको प्रतिकूल प्रभाव सम्बन्धी जानकारी साथै स्थानीय तहको क्षमताको विवरण वडा/नगरपालिकाको पार्श्वचित्र, प्रगति प्रतिवेदन र विभिन्न अध्ययन प्रतिवेनदनहरुबाट सङ्कलन गरिएको छ । यसका साथै वडा समिति, वडा विपद व्यवस्थापन समिति र विभिन्न समूह केन्द्रित छलफल आयोजना गरी सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको छ । यसरी प्रकोप जोखिम विश्लेषण गर्दा भौतिक पूर्वाधार विकास, सामाजिक सेवा, सुरक्षा, मानव अधिकार, स्वास्थ्य, शिक्षा, वन, कृषि तथा पशुसेवा आदि विषय क्षेत्रसँग सम्बन्धित विपद जोखिम र जलवायु परिवर्तनका कारण हुनसक्ने थप जोखिमको प्रक्षेपित परिदृष्यको समेत लेखाजोखा गरिएको छ । यस पालिकामा भएका विपद् जोखिमको विवरण/ तथ्याङ्क (तालिका न. १) मा उल्लेख गरिएको छ ।

**चरण ३: लक्ष्य र सूचकहरू निर्धारण**

विपदको क्षति र जोखिम सम्बन्धी तथ्याङ्क विश्लेषण गरी तयार गरिएको आधाररेखा अनुरूप वडा, नगरपालिका र अन्य सरोकारवालाहरूसँग परामर्श गरी विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलता विकासका लक्ष्य र सूचकहरू निर्धारण गरिएको छ । लक्ष्य र सूचक निर्धारण गर्दा सम्भव भएसम्म परिमाण र गुणस्तर नाप्न सकिने तथा राष्ट्रिय र प्रादेशिक लक्ष्यहरूसँग मेल खाने गरी समय- अवधि तोकिएको छ । राष्ट्रिय र प्रादेशिक कार्ययोजनामा अल्पकालीन (सन् २०२० सम्म), मध्यकालीन (सन् २०२५ सम्म) र दीर्घकालीन (सन् २०३० सम्म) लक्ष्यहरू निर्धारण गरिएको भएता पनि समय अभावको कारणले नगर स्तरमा अल्पकालीन/मध्यकालिन लक्ष्य (सन् २०२५ (आ.व. २०८१/८२) र दीर्घकालीन लक्ष्य (सन् २०३० (आ.व. २०८७/८८) सम्म निर्धारण गरिएको छ ।

**चरण ४: रणनीतिक कार्ययोजना तर्जुमा र स्वीकृति**

माथिल्ला चरणहरुमा सङ्कलन एव विश्लेषण गरीएका सूचना तथा तथ्याङ्कहरूको आधारमा विपद जोखिमको आँकलन गरी सोको न्यूनीकरण र व्यवस्थापनका लागि आवस्यक पर्ने रणनीतिक क्रियाकलापहरूको पहिचान गरिएको छ । विस्तृत प्राविधिक अध्ययन,

अनुसन्धानबाट मात्र जोखिमको वैज्ञानिक अनुमान गर्न सकिन्छ । जलवायु परिवर्तन जस्ता प्रक्रियाको विश्वसनीय जानकारी पाउन वर्षौं अध्ययन गर्नुपर्ने हुन्छ। तर छोटो समय, सिमित स्रोत साधन र जनशक्तिबाट यी सबै विषय कार्ययोजनामा समावेश गर्न सम्भव नभएकोले तत्काल सङ्कलन गर्न सकिने खालका सूचना तथा तथ्याङ्कहरूको आधारमा रणनीतिक कार्ययोजना तर्जुमा गरी समय र स्रोत बढी लाग्ने सूचना र जानकारीका लागि आवश्यक पर्ने क्रियाकलाप रणनीतिक योजना (तालिका न. २) मा नै समावेश गरिएको छ । नगर स्तरीय रणनीतिक कार्ययोजनाको मस्यौदालाई नगरपालिकाको विषयगत शाखा, गैर सरकारी संघ संस्था, नीजि क्षेत्र लगायतका सरोकारवालाहरूको सहभागिता रहने गरी वैठकको आयोजना समेत गरी सूझाव लिइएको छ। प्राप्त सूझावको आधारमा रणनीतिक कार्ययोजनाको मस्यौदालाई अन्तिम रूप दिइएको छ। यसरी तयार भएको मस्यौदालाई नगर भेलामा छलफल गरी प्राप्त सुझावहरु समावेश गरी वडा समितिबाट स्वीकृत गरी जानकारी तथा कार्यान्यन स्तरको आर्थिक तथा प्रविधिक सहयोगका लागि नगरपालिकामा पेश गरिएको छ । यो रणनीतिक कार्ययोजना राष्ट्रिय रणनीतिक योजनाका ४ प्राथमिकता प्राप्त क्षेत्रहरू र १८ प्राथमिकता प्राप्त कार्यहरुमा मेल खानेगरी तयार गरिएको छ ।

**चरण ५: कार्यान्वयन, अनुगमन र मूल्यांकन**

नगर कार्यपालिका बैठकबाट स्वीकृत भएको रणनीतिक कार्ययोजनाको क्रियाकलापहरूको प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि देहाय बमोजिम हुनेछ ।

**(क) कार्ययोजना कार्यान्वयन**

स्वीकृत रणनीतिक कार्ययोजनाका क्रियाकलापहरूलाई पालिकाको वार्षिक कार्यक्रम तथा बजेटमा समावेश गरी कार्यान्वयन गरीने छ । यसरी कार्यक्रम तयार गर्दा नेपाल सरकार वा प्रदेश अन्तर्गतका निकाय, स्थानीय तहमा क्रियाशील अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्था, सामुदायिक संघसंस्था र नीजि क्षेत्रसंग समन्वय गरीने छ । नगरपालिकावाट स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएका रणनीतिक कार्ययोजनाका क्रियाकलापहरूको प्रभावकारी कार्यान्वयनको लागि नगर तहमा वार्षिक योजना बनाई कार्यान्वयन गर्ने र प्रगति विवरण तयार गरी सम्वन्धित नगरपालिकाको वातावरण तथा विपद व्यवस्थापन शाखामा पेश गरीने छ। विस्तृत रुपमा परिच्छेद ६ मा समेत समावेश गरिएको छ ।

**(ख) अनुगमन र मूल्याङ्कन**

रणनीतिक कार्ययोजनामा समावेश भएका क्रियाकलापहरूको कार्यान्वयन अनुगमन नगर स्तरीय विपद व्यवस्थापन समितिले गर्नेछ । त्यस्तै रणनीतिक कार्ययोजनाको समग्र उपलब्धिको आवधिक मूल्याङ्कन तथा समिक्षा गर्दा सम्बन्धित नगरपालिकाका विषय विज्ञ, सरोकारवाला संघ संस्था, महिला एवम् विपद जोखिममा रहेका समुदाय, समूहको प्रतिनिधित्व गराइने छ । अनुगमनबाट प्राप्त सुझावका आधारमा क्रियाकलापहरू साथै योजना कार्यान्वयनको तौर तरिकामा सुधार गर्दै लगिने छ । विषयगत कृयाकलापहरुको अनुगमन गर्दा रणनीतिक योजनासँग पनि तालमेल कायम गरीने छ । अनुगमनमा देखिएका सवालहरू र सुधार गर्नुपर्ने विषयहरू कार्यान्वयन गर्ने निकायसँग छलफल गरी निर्धारण गरीने छ। विस्तृत रुपमा परिच्छेद ७ मा  समेत समावेश गरिएको छ।

**(ग) कार्ययोजनाको पुनरावलोकन र संशोधन**

योजनाको लक्ष्य हासिल गर्न निर्धारण गरिएको समय अवधि अनुरूप अल्पकालीन/मध्यकालीन र अन्तिम मूल्याङ्कन गरीने छ। रणनीतिक कार्ययोजना नगरपालिकाको आवधिक योजनाको अङ्गको रूपमा समावेश भएको अवस्थामा यसको मध्यावधी र अन्तिम समिक्षा गर्दा यस कार्ययोजनाको समेत एकैसाथ समिक्षा गर्नु उपयुक्त हुन्छ। आवधिक योजना तर्जुमा नगरी स्थानीय विपद जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना छुट्टै रहुन्जेलको अवस्थामा यसको अल्पकालीन/मध्यकालीन र अन्तिम गरी दुइ चरणमा समिक्षा तथा मूल्याङ्कन गरीने छ। अल्पकालीन तथा मध्यकालीन मूल्याङ्कनबाट प्राप्त सुझावको आधारमा रणनीतिक कार्ययोजनालाई आवश्यक परिमार्जन गरीने छ। तर, यसरी परिमार्जन गर्दा विपद न्यूनीकरणका लक्ष्यहरू र तिनका सूचकहरू यथावत राखिने छन ।

**(घ) अति जोखिममा रहेका समूह तथा वर्गहरुको संरक्षण तथा समावेशितामा सुनिश्चिता**

नगर तथा वडा स्तरीय विपद व्यवस्थापन समिति, कार्यदल गठन गर्दा महिला, अपाङ्गता भएका व्यक्तिहरु, युवाहरुको अनिवार्य प्रतिनिधित्व सुनिश्चित गरिने छ । विपद व्यवस्थापनको विश्लेषण, पूर्व तयारी र जनचेतना तथा अन्य क्षमता विकासका कार्यहरुमा महिला, अपाङ्गता भएका व्यक्तिहरु, जेष्ठ नागरीक, युवा तथा वालवालिकाहरुको सहभागिता सुनिश्चित गरीने छ । विपद पूर्व तयारी तथा प्रतिकार्यको समयमा हुन सक्ने सम्भावित वहिस्करण र हिंसाहरु हुन नदिने उपाएहरु जस्तै जोखिममा रहेका महिला, वालवालिका, जेष्ठ नागरीक, अपाङ्गता भएका व्यक्तिहरुको लागि छुट्टै निगरानी टोलीको गठन गर्ने व्यवस्था गरीने छ ।

### प्रकोप स्तरीकरण

विपदको ऐतिहासिक समयरेखा, वडा र स्थानीय विपद व्यवस्थापन समितिका प्रतिनिधिहरुको सामुहिकको साथै छलफलको आधारमा वडामा देखिएका विभिन्न प्रकारका प्रकोपहरु मध्ये सबै भन्दा बढी असर पारेको प्रकोप निर्धारण गर्न जोडा मिलाएर दाँज्ने विधीवाट प्रकोप प्राथमिकता निर्धारण गरिएको छ । यस विधिको प्रयोगबाट तालिका नं. १ मा उल्लेख भए अनुसार यो पालिकामा बाढी, आगलगी, महामारी, सडक दुर्घना, हावाहुरी, शितलहर, बालिमा लाग्ने रोगकिरा, सर्प दंश, असिना, सुखा खडेरी, चट्याङ, जँगली जनावर आतंक जस्ता मुख्य प्रकोपको जोखिम रहेकोछ। नेपाल भूकम्पको उच्च जोखिममा रहेको मुलुक हुँदा विपद समुह संग छलफल गरी प्रकोप स्तरीकरण गर्दा भूकम्पलाई तुलनामा नराखी पहिलो नम्बरको प्रकोपको प्राथमिकतामा राखी पूर्व तयारी तथा कार्ययोजना तयार गरिएको छ ।

## तालिका न. १

| प्रकोप | बाढी | बालिमा रोगकिरा | शितलहर | हावाहुरी | असिना | आगलागी | सुख्खा खडेरी | चट्याङ | जँगली जनावर आतंक | महामारी | सडक दुर्घटना | सर्प दंश |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बाढी | | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी |
| बालिमा लाग्ने रोगकिरा | | | शितलहर | हावाहुरी | बालिमा लाग्ने रोगकिरा | आगलागी | बालिमा लाग्ने रोगकिर | बालिमा लाग्ने रोगकिरा | बालिमा लाग्ने रोगकिरा | महामारी | सडक दूघटना | बालिमा लाग्ने रोगकिरा |
| शितलहर | | | | हावाहुरी | शितलहर | आगलागी | शितलहर | शितलहर | शितलहर | महामारी | सडक दुर्घटना | शितलहर |
| हावाहुरी | | | | | हावाहुरी | आगलागी | हावाहुरी | हावाहुरी | हावाहुरी | महामारी | सडक दुर्घटना | हावाहुरी |
| असिना | | | | | | आगलागी | सुख्खा खडेरी | चट्याङ | असिना | महामारी | सडक दुर्घटना | सर्पदंश |
| आगलागी | | | | | | | आगलागी | आगलागी | आगलागी | महामारी | सडक दुर्घटना | आगलागी |
| सुख्खा खडेरी | | | | | | | | सुख्खा खडेरी | सुख्खा खडेरी | महामारी | सडक दुर्घटना | सर्प दंश |
| चट्याङ | | | | | | | | | चट्याङ | महामारी | सडक दुर्घटना | सर्प दंश |
| जँगली जनावर आतंक | | | | | | | | | | महामारी | सडक दुर्घटना | सर्प दंश |
| महामारी | | | | | | | | | | | सडक दुर्घटना | महामारी |

| प्रकोप | बाढी | बालिमा रोगकिरा | शितलहर | हावाहुरी | असिना | आगलागी | सुख्खा खडेरी | चट्याङ | जँगली जनावर आतंक | महामारी | सडक दुर्घटना | सर्प दंश |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सडक दुर्घटना | | | | | | | | | | | | सडक दुर्घटना |
| अंकभार | ११ | ५ | ६ | ७ | १ | ८ | ३ | २ | ० | ९ | १० | ४ |
| स्तर | १ | ७ | ६ | ५ | ११ | ४ | ९ | १० | १२ | ३ | २ | ८ |

उच्च जोखीममाः भुकम्प, बाढी, आगलगी, महामारी, सडक दुर्घना मध्यम जोखिमः भुकम्प, हावाहुरी, शितलहर, बालिमा लाग्ने रोगकिरा, सर्प दंश, न्युन जोखिमः भुकम्प, असिना, सुखा खडेरी, चट्याङ, जँगली जनावर आतंक, स्रोतः विपद् पर्वतयारी तथा प्रतिकार्य योजना, गोदावरी, २०७८

